निर्णयः

१. ७२ औं राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सन्दर्भमा देहाय बमोजिम गर्नेः

क) जिल्लास्थित सबै सरकारी कार्यालयले आ आफ्नो कार्यालय परिसरमा २०७८ साल फाल्गुण ६, ७ र ८ गते राष्ट्रिय झण्डा फहराउने।

ख) प्रत्येक कार्यालयले आफनो कम्पाउण्ड वरपरका सार्वजनिक स्थलको बिशेष प्रकारले सरसफाई गर्ने गराउने।

ग) मिति २०७८ फाल्गुण ६, ७ र ८ गते साँझ जिल्लास्थित सबै सरकारी कार्यालयले दिपावली गर्ने।

घ) छैठौं निर्वाचन दिवस मिति २०७८ साल फालगण ७ गते मनाउने सन्दर्भमा मिति २०७८ फाल्गुण ६ गते बिहान ७:३० बजे सबै सरकारी कार्यालयका प्रमुखहरु जिल्ला प्रशासन कार्यालयमा भेला भई जिल्ला प्रशासन कार्यालयदेखि विमानस्थलसम्मको सडकको सरसफाई गर्ने। यसका लागि आवश्यक पर्ने पन्जा तथा कुचो भद्रपुर नगरपालिकाले उपलब्ध गराउने। सरसफाई पछि जिल्ला समन्वय समितिमा भेला भई चियापान गरी कार्यक्रम समापन हुने। उक्त दिन बिहान ७:३० बजे जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, भद्रपुर नगरपालिकाका नगरप्रमुख, नगर उपप्रमुख, भद्रपुर नगरपालिका वडा नं. १० का वडाअध्यक्ष समेतलाई कार्यक्रममा उपस्थितिका लागि अनुरोध गर्ने।

ङ) ७२ औं राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा स्थानीय सञ्चार माध्यम तथा नागरिक समाजसँग समन्वय गरी परिसम्वाद कार्यक्रम आयोजना गर्ने।

२. आगामी २०७९ साल बैशाख ३० गतेको लागि स्थानीय निर्वाचनको मिति घोषणा भई सकेकोले जिल्लास्थित कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई लामो अवधिको विदा स्वीकृत नगर्ने।

३. प्रशासनिक सुशासन कायम गर्नका लागि लिलाम गर्नु पर्ने मालसामानहरु र नियमानुसार धुल्याउन सकिने कागजातहरु प्रचलित कानून अनुसार क्रमशः लिलाम गर्ने र धुल्याउने व्यवस्था सम्बन्धित कार्यालयहरुले मिलाउने र सो को जानकारी यस कार्यालयलाई दिने।

४. सरकारी कार्यालयमार्फत राजश्व दाखिला गर्दा कोड नं फरक परी यथार्थ अभिलेख राख्ने लगायतका अप्ठ्याराहरुलाई समाधान गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय भद्रपुर, आन्तरिक राजश्व कार्यालय

भद्रपुर र आन्तरिक राजश्व कार्यालय दमकले आपसमा समन्वय गरी लेखा प्रमुखहरुको लागि अभिमुखीकरण कार्यक्रम गर्ने।

५. कार्यालय प्रमुखहरुले काम बिशेषले जिल्ला छाड्नु पर्दा प्रमुख जिल्ला प्रशासन अधिकारीको अनुमति लिएर मात्र जिल्ला छाड्ने।

६. सार्वजनिक विदाको दिन सरकारी सवारी साधन प्रयोग गर्नु पर्दा कामको प्रयोजन खुलाई जिल्ला प्रशासन कार्यालयबाट सवारी पास लिएर मात्र सञ्चालन गर्ने।

७. साविकमा सहकारी डिभिजन कार्यलय झापामार्फत निर्माण सुरु भई सम्पन्न भई नसकेको भवनको यथार्थ अवस्था बुझी पेश गर्न भद्रपुर नगरपालिकालाई अनुरोध गर्ने।

८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा ३२ को उपदफा (१) बमोजिम लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण समिति गठन नभएको भए यथाशिघ्र गठन गर्ने र सोही ऐनको दफा ३२ (२) अनुसार कार्यालयबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनिकरण गर्ने, वित्तीय विवरणहरु विश्वसनीय बनाउने तथा लेखा परिक्षणबाट कायम भएको बेरुजु फर्छ्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने।

९. केही सरकारी कार्यालयहरुको सरकारी मोवाइल नं. यस कार्यालयलाई प्राप्त नभई सरुवा भई जाँदा सरकारी कामको सिलसिलामा समन्वय गर्न समस्या पर्ने गरेकोले सरकारी मोवाइल नं. भएका कार्यालयहरुले आफनो कार्यालयको मोबाईल नं. यस कार्यालयको इमेल ठेगानामा पठाउने।

२०७८-११-०२

प्रमुख जिल्ला अधिकारी